प्रदेश लोक सेवा आयोग

बागमती प्रदेश

प्रशासन सेवा, सामान्य प्रशासन/लेखा समूह, पाँचौ तह, सहायक पाँचौ वा सो सरह पदको

खुला प्रतियोगितात्मक लिखित परीक्षा

परीक्षा मिति: २०८२/०५/०६ **पत्र:** द्वितीय

पूर्णाङ्क: १०० **विषय:** नेपालको समसामयिक अध्ययन र सार्वजनिक सेवा व्यवस्थापन

समय: २ घण्टा ३० मिनेट

निम्न प्रश्नहरूको उत्तर खण्ड अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नु पर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

खण्ड-क (अङ्क-५०)

1. वर्तमान नेपालको संविधानका प्रमुख विशेषताहरू उल्लेख गर्नुहोस्। **[१०]**
2. नेपालको संविधान अनुसार संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारका क्षेत्रहरू के के हुन्? तिनै तहहरू बिचको समन्वय र सहकार्यका आधारहरू समेत प्रस्तुत गर्नुहोस्। **[५+५]**
3. विप्रेषण (Remittance) ले हाम्रो समाजमा पारेको सकारात्मक तथा नकारात्मक प्रभावहरूबारे उल्लेख गर्दै देशको आर्थिक विकासमा यसको योगदानलाई वृद्धि गर्न थप के गर्नुपर्ला? संक्षेपमा लेख्नुहोस्। **[५+५]**
4. सामाजिक सुरक्षा सम्बन्धी व्यवस्था गर्न किन आवश्यक हुन्छ? राज्यका तर्फबाट सामाजिक सुरक्षाको क्षेत्रमा भएका कार्यहरू के के छन्? उल्लेख गर्नुहोस्। **[३+७]**
5. सार्वजनिक सेवा प्रवाहमा थप प्रभावकारिता ल्याउन सूचना प्रविधिको उपयोगको महत्व माथि प्रकाश पार्दै यसको प्रयोगमा देखा परेका समस्याहरू बारे संक्षेपमा लेख्नुहोस्। **[४+६]**

खण्ड-ख (अङ्क-५०)

6. नागरिक बडापत्रमा उल्लेख गर्नुपर्ने प्रमुख विषयवस्तुहरू के के हुन्? यसले सार्वजनिक सेवा प्रवाहको प्रभावकारिता अभिवृद्धि गर्न कस्तो भूमिका खेलेको छ? प्रस्ट पार्नुहोस्। **[५+५]**
7. नेपालमा सहकारी क्षेत्रमा देखिएका विद्यमान समस्याहरू के के छन्? र ती समस्याहरू समाधानका लागि के कस्ता उपायहरू अवलम्बन गर्नुपर्ला? बुँदागत रूपमा प्रस्तुत गर्नुहोस्। **[४+६]**
8. नेपालको निजामती सेवामा ट्रेड युनियनको भूमिका कस्तो रहेको देख्नुहुन्छ? यसको सुधार तथा आवश्यकताका सम्बन्धमा आफ्नो मौलिक सुझावहरू प्रस्तुत गर्नुहोस्। **[५+५]**
9. अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख कार्यहरू उल्लेख गर्दै भ्रष्टाचार निवारणमा आयोगले सामना गरेका चुनौतीहरू बारे संक्षेपमा लेख्नुहोस्। **[५+५]**
10. विपद् व्यवस्थापनका महत्वपूर्ण पक्षहरू के के हुन्? विपद् व्यवस्थापनमा प्रदेश र स्थानीय सरकारले कस्तो भूमिका खेल्नुपर्छ? प्रस्ट पार्नुहोस्। **[४+६]**

Loksewa Preparation || For Free Consultation Contact : 9851335414/9851335415 (Viber/Whatsapp/Call)

• समाप्त •

LEARN • GROW • SUCCEED

प्रदेश लोक सेवा आयोग

बागमती प्रदेश

प्रशासन सेवा, सामान्य प्रशासन समूह, पाँचौ तह, सहायक पाँचौ वा सो सरह पदको

खुला प्रतियोगितात्मक लिखित परीक्षा

परीक्षा मिति: २०८२/०५/०७ **पत्र:** तृतीय

पूर्णाङ्क: १०० **विषय:** सेवा सम्बन्धी

समय: २ घण्टा ३० मिनेट

निम्न प्रश्नहरूको उत्तर खण्ड अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नु पर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

खण्ड-क (अङ्क-५०)

1. सङ्गठन भन्नाले के बुझ्नुहुन्छ? सङ्गठन निर्माणका सैद्धान्तिक आधारहरू उल्लेख गर्नुहोस्। **[४+६]**
2. उत्प्रेरणा भन्नाले के बुझ्नुहुन्छ? नेपालको निजामती प्रशासनमा उत्प्रेरणा सम्बन्धमा भएका व्यवस्थाहरू बारे संक्षिप्त रूपमा प्रस्तुत गर्नुहोस्। **[३+७]**
3. लेखा परीक्षणका आधारहरू के के छन्? आन्तरिक र अन्तिम लेखा परीक्षण बिचको समानता र भिन्नताहरू बारे स्पष्ट पार्नुहोस्। **[२+८]**
4. व्यवस्थापन सूचना प्रणाली भन्नाले के बुझ्नुहुन्छ? सार्वजनिक प्रशासनमा यसको आवश्यकता र महत्व बारे स्पष्ट पार्नुहोस्। **[३+३+४]**
5. कुनै पनि सरकारी सङ्गठनमा प्रभावकारी रूपमा बैठक सञ्चालन तथा व्यवस्थापन गर्न के के कुराहरूमा ध्यान दिनुपर्ने हुन्छ? बैठक समापन पश्चात माइन्यूट लेखन कसरी गरिन्छ? संक्षेपमा लेख्नुहोस्। **[५+५]**

खण्ड-ख (अङ्क-५०)

6. गाउँपालिका र नगरपालिकाको आधारभूत स्वास्थ्य र सरसफाइ सम्बन्धी काम, कर्तव्य र अधिकारहरू उल्लेख गर्नुहोस्। **[१०]**
7. बागमती प्रदेशको प्रदेश नीति तथा योजना आयोगको संक्षिप्त परिचय दिँदै यसको काम, कर्तव्य र अधिकारको बारेमा स्पष्ट पार्नुहोस्। **[१०]**
8. मुलुकी देवानी संहिता, २०७४ बमोजिम सम्बन्ध विच्छेद सम्बन्धी के कस्तो व्यवस्था गरिएको छ? चर्चा गर्नुहोस्। **[१०]**
9. संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ बमोजिम संघीय कानुनबाट मात्र व्यवस्थित हुने विषयहरू के के हुन्? बुँदागत रूपमा लेख्नुहोस्। **[१०]**

MIRAS ACADEMY
CONTACT 9851335414 / 15
LOCATION CTC Mall 9th Floor , Sundhara Kathmandu
Loksewa Preparation || For Free Consultation Contact : 9851335414/9851335415 (Viber/Whatsapp/Call)

10. आयोजना बैङ्क (Project Bank) को अर्थ स्पष्ट पार्दै प्रदेश आयोजना बैङ्कको आवश्यकता र महत्वको बारेमा प्रकाश पार्नुहोस्। **[४+६]**

• समाप्त •

LEARN • GROW • SUCCEED

प्रदेश लोक सेवा आयोग

बागमती प्रदेश

प्रशासन सेवा, लेखा समूह, पाँचौ तह, लेखापाल/आ.ले.प. सहायक पदको
खुला प्रतियोगितात्मक लिखित परीक्षा

परीक्षा मिति: २०८२/०५/०८ **पत्र:** तृतीय

पूर्णाङ्क: १०० **विषय:** सेवा सम्बन्धी

समय: २ घण्टा ३० मिनेट

निम्न प्रश्नहरूको उत्तर खण्ड अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नु पर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

खण्ड-क (अङ्क-५०)

MIRAS ACADEMY

1. आयोजना भन्नाले के बुझ्नुहुन्छ? आयोजना चक्रको बारेमा प्रकाश पार्नुहोस्। **[४+६]**
2. रकमान्तर तथा स्रोतान्तर भन्नाले के बुझ्नुहुन्छ? बागमती प्रदेशको प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ बमोजिम रकमान्तर तथा स्रोतान्तर सम्बन्धी भएको व्यवस्था उल्लेख गर्नुहोस्। **[१०]**
3. कर राजस्व र गैर कर राजस्व बिचको फरक छुट्ट्याउनुहोस्। नेपालमा हाल संघीय सरकारले सङ्कलन गर्ने गैर कर राजस्वहरू के के हुन्? छोटकरीमा वर्णन गर्नुहोस्। **[५+५]**
4. सार्वजनिक खरिद ऐन, २०६३ मा व्यवस्था गरिएको "विशेष परिस्थिति" भन्नाले कस्तो अवस्थालाई जनाउँछ? यस परिस्थितिमा गरिने खरिद सम्बन्धी व्यवस्थाका सम्बन्धमा प्रस्ट पार्नुहोस्। **[५+५]**
5. जिन्सी निरीक्षणको प्रक्रियाबारे उल्लेख गर्नुहोस्। साथै जिन्सी निरीक्षण प्रतिवेदनको प्रभावकारी कार्यान्वयन गरी सरकारी सम्पत्ति व्यवस्थापन प्रभावकारी बनाउन गरिनुपर्ने सुधारका उपायहरू पहिल्याउनुहोस्। **[३+७]**

लोकसेवा तयारी | बैंकिङ तयारी | शिक्षक सेवा तयारी | संस्थान्न तयारी

खण्ड-ख (अङ्क-५०)

6. नगदमा आधारित लेखा प्रणाली भन्नाले के बुझ्नुहुन्छ? नगद र प्रोधभावीमा आधारित लेखा प्रणाली बिचको भिन्नता उल्लेख गर्नुहोस्। **[३+७]**
7. धरौटीमा सदर स्याहा भन्नाले के बुझ्नुहुन्छ? कुन कुन अवस्थामा कसरी धरौटी सदर स्याहा गरिन्छ? उल्लेख गर्नुहोस्। **[४+६]**
8. लेखा प्रमुखको काम, कर्तव्य र अधिकार के के हुन्? उल्लेख गर्नुहोस्। **[१०]**

CONTACT 9851335414 / 15
LOCATION CTC Mall 9th Floor , Sundhara Kathmandu

9. बेरुजुको परिभाषा दिँदै बेरुजु उत्पत्तिका कारणहरू उल्लेख गर्नुहोस्। बेरुजु फछ्यौंट सम्बन्धी विद्यमान कानुनी व्यवस्थाको विवेचना गर्नुहोस्। **[४+६]**

10. लेखापरीक्षण ऐन, २०७५ बमोजिम महालेखापरीक्षकले औचित्यको दृष्टिकोणबाट परीक्षण गर्ने कुराहरू उल्लेख गर्नुहोस्। **[१०]**

LEARN • GROW • SUCCEED

• समाप्त •

MIRAS ACADEMY

लोकसेवा तयारी

बैंकिङ तयारी

शिक्षक सेवा तयारी

संस्थान्न तयारी

CONTACT
9851335414 / 15

LOCATION
CTC Mall 9th Floor ,
Sundhara Kathmandu

Loksewa Preparation || For Free Consultation Contact : 9851335414/9851335415 (Viber/Whatsapp/Call)